میں سدھرنا چاہتا ہوں (Nepali)

# म सुध्रिन चाहन्छु


शैख़े तरीक़त अमीरे अहले सुन्नत दा'वते इस्लामीका संस्थापक

हज़रत अल्लामा मौलाना अबु बिलाल

## मुहम्मद इल्यास

अत्तार क़ादिरी रज़वी دامت برکاتہم العالیہ

ميں سدھرنا چاہتا ہوں

Mayn Sudharna Chahta hon

# म सुध्रिन चाहन्छु

यो वर्णन अमीरे अहले सुन्नत, दा'वते इस्लामीका संस्थापक, ह़ज़रत मौलाना मुह़म्मद इल्यास अत़्त़ार क़ादिरी रजवी जियाई دَامَتْ بَرَكَاتُهُمُ الْعَالِيَة द्वारा लेखिएको हो, जसलाई मक्तबतुल मदीनाले प्रकाशन गरेको छ । मजलिसे तराजिम (अनुवाद विभाग), दा'वते इस्लामीले यस प्रवचनलाई नेपाली भाषामा अनुवाद गरी तपाईँको सामु प्रस्तुत गरेको छ । यदि यसमा केही कमिकमजोरी भेटिएमा मजलिसे तराजिम, दा'वते इस्लामीलाई लिखित जानकारी दिई सवाब प्राप्त गर्नुहोस् ।

**Translation Department (Dawat-e-Islami)**

Aalami Madani Markaz, Faizan-e-Madinah, Mahallah Saudagran,
Purani Sabzi Mandi, Bab-ul-Madinah, Karachi, Pakistan

**UAN:** ☎ +92-21-111-25-26-92 – Ext. 7213

**Email:** 🖃 translation@dawateislami.net

اَلْحَمْدُ لِلّٰهِ رَبِّ الْعٰلَمِيْنَ وَالصَّلٰوةُ وَالسَّلَامُ عَلٰى خَاتَمِ النَّبِيّٖنَ
اَمَّا بَعْدُ فَاَعُوْذُ بِاللّٰهِ مِنَ الشَّيْطٰنِ الرَّجِيْمِ بِسْمِ اللّٰهِ الرَّحْمٰنِ الرَّحِيْمِ

## किताब पढ्नुभन्दा पहिला पढीने दुआ (प्रार्थना)

इस्लामी पुस्तक वा पाठ पढ्नु भन्दा पहिला निम्न दुआ पढ्नुहोस् जे पढ्नुहुनेछ اِنْ شَآءَ اللّٰه عَزَّوَجَلَّ[1] याद हुनेछः

اَللّٰهُمَّ افْتَحْ عَلَيْنَا حِكْمَتَكَ وَانْشُرْ
عَلَيْنَا رَحْمَتَكَ يَا ذَا الْجَلَالِ وَالْاِكْرَام

अनुवादः

हे अल्लाह عَزَّوَجَلَّ[2] हामी माथी ज्ञान तथा बुद्धिमताको ढोका खोली देऊ र हामी माथी आफ्नो रहमत (कृपा) अवतरण गर । हे अज़्मत तथा बुजुर्गी वाला ।

नोटः उक्त दुआ पढ्नु भन्दा पहिला एवं पढी सके पछी एक एक पटक दुरुद शरीफ पढ्नुहोस् ।

---

[1] अरबी वाक्यांस जसको अर्थ हुन्छः "यदि अल्लाह عَزَّوَجَلَّ ले चाहेमा"

[2] अल्लाहको नामको साथ लगाइने अरबी शब्द अर्थात "सम्मानित एवं सर्वश्रेष्ठ"



www.dawateislami.net

# विषय सूची

म सुध्रिन चाहन्छु ....................................................................1
पाखण्ड र आगोबाट छुटकारा....................................................1
जन्नत [स्वर्ग] चाहिएको छ कि दोजख़ [नरक]?...............2
मरण पछिको जीवको तयारी.......................................................4
उज्यालो भविष्य .............................................................................5
अनौठो हिसाबकिताब ....................................................................6
बाल्यकालको त्रुटि याद आयो।.......................................................9
बाल्यकालको पाप याद राख्ने अनौठो तरिका................................9
त्रुटिपूर्ण सुकर्महरूमा उफ्रिनु ........................................................10
सुकर्महरू भुलिदेऊ.......................................................................11
आज “के के” गरिस्?...................................................................11
फ़ारूक़े आज़म رَضِیَ اللّٰہُ عَنۡہُ को नम्रता........................................12
क़ियामतको दिन [अर्थात महाप्रलयको दिन] भन्दा पहिला हिसाब...........................................................................................13
“मुहा-सबा ”भनेको के हो? ........................................................14
बत्तीमाथि कान्छी औंला ............................................................15
कहिलेपनि माथि हेर्नेछैन.............................................................16



www.dawateislami.net

यदि जन्नतमा जानबाट रोकियो भने! ........................................17
हतकडीहरू र बन्धनहरू ..................................................................19
स्वासको माला..................................................................................20
धर्मविमुख व्यक्ति मूर्ख हुन्छ.............................................................21
नरकको ढोकामा नाम.......................................................................22
मूर्खताको हद ....................................................................................24
क्षमादानको इच्छा कतिबेला मूर्खता हो?.................................25
जौको बीउ रोपेर गहुँ काट्ने आशा राख्नु मूर्खता हो ।.................25
जहन्नमको बीउ रोपेर जन्नतको खेतीको प्रतीक्षा !............27
समस्या चेतावी पाउने माध्यम हो ...........................................28
अल्लाह عَزَّوَجَلَّ रोजी दिने वाला हुनुहुन्छ तर पनि...... ............29
अल्लाह عَزَّوَجَلَّ ले हरेकको क्षमादानको जिम्मा लिनुभएको छैन तर...................................................................................30
अल्लाह عَزَّوَجَلَّ कसैमाथि निर्भर हुनुहुँदैन ...............................31
सुध्रिनको लागि तौबा [प्रयाश्चित] गर्नुहोस्.............................33
राम्रा राम्रा इरादाहरू .........................................................35
सुर्मा लगाउने सन्दर्भमा ४ ओटा मदनी फूलहरू ........................37



www.dawateislami.net

اَلۡحَمۡدُ لِلّٰہِ رَبِّ الۡعٰلَمِیۡنَ وَ الصَّلٰوۃُ وَ السَّلَامُ عَلٰی خَاتَمِ النَّبِیّٖن
اَمَّا بَعۡدُ فَاَعُوۡذُ بِاللّٰہِ مِنَ الشَّیۡطٰنِ الرَّجِیۡمِ بِسۡمِ اللّٰہِ الرَّحۡمٰنِ الرَّحِیۡمِ

# म सुध्रिन चाहन्छु[1]

शैतानले लाख आलस्य अनुभव गराउन भरपूर प्रयास गरे तापनि यो पुस्तकत सुरुदेखी अन्त्यसम्म अवश्य पढ्नुहोस् । اِنۡ شَآءَاللّٰہ , आफ्नो हृदयभित्र मदनी रुपान्तरणको आभास पाउनुहुनेछ ।

## पाखण्ड र आगोबाट छुटकारा

आदरणीय सय्यिदुना इमाम सख़ावी رَحۡمَۃُ اللّٰہِ عَلَیۡہ ले नक्कल गर्नुहुन्छ : दुवै लोकका मालिक صَلَّی اللّٰہ عَلَیۡہِ وَاٰلِہٖ وَسَلَّم ले कथन गर्नुभयो, जसले मप्रति एक पटक दुरूद पाक पढ्छ ; अल्लाह عَزَّوَجَلَّ ले उसप्रति दस रहमतहरू [कृपाहरू] अवतरण गर्नुहुन्छ,

---

[1] यो वर्णन अमीरे अहले सुन्नत دَامَتۡ بَرَکَاتُہُمُ الۡعَالِیَہ ले कुरआन र सुन्नतको शिक्षा फैलाउने गैरराजनीतिक अन्तर्राष्ट्रिय संस्था, दा'वते इस्लामीको अन्तर्राष्ट्रिय केन्द्र फ़ैजाने मदीना (बाबुल मदीना) कराचीमा हुने २७ औं र-मज़ानुल मुबारक (१४२३ हिज्री) को सुन्नतले भरिपूर्ण इज्तिमामा गर्नुभएको हो । आवश्यक सम्पादनको साथमा लिखित रूपमा प्रस्तुत छ ।

मजलिसे मक-त-बतुल मदीना



www.dawateislami.net

जसले मप्रति दस पटक दुरूद पाक पढ्छ ; अल्लाह عَزَّوَجَلَّ ले उसप्रति सय रहमतहरू [कृपाहरू] अवतरण गर्नुहुन्छ र जसले मप्रति सय पटक दुरुद पाक पढ्छ ; अल्लाह عَزَّوَجَلَّ ले उसको दुइटै आखाँहरूको बीचमा लेखिदिनुहुन्छ कि यो व्यक्ति पाखण्ड र जहन्नमको आगोबाट मुक्त छ र [अल्लाह पाकले] क़ियामतको दिनमा उसलाई सहिदहरूसँग राख्नेछ । *(अल क़ौलुल बदीअ़, पृष्ठ २३३)*

*है सब दुआओं से बढ़ कर दुरूदो सलाम*
*कि दफ़्अ करता है हर इक बला दुरूदो सलाम*

नेपाली अनुवाद :

हो सबै दुआहरूभन्दा भव्य दुआ दुरूदो सलाम
कि भगाउछ सबै समस्याहरूलाई दुरुदो सलामले

صَلُّوْا عَلَى الْحَبِيْب      صَلَّى اللهُ عَلٰى مُحَمَّد

## जन्नत [स्वर्ग] चाहिएको छ कि दोजख़ [नरक]?

इमाम अबू नुऐ़म अह़मद बिन अ़ब्दुल्लाह अस्फ़हानी رَحْمَةُ اللهِ عَلَيْه (देहान्त ४३० हिजरी) ले “ह़िल्यतुल औलिया” नामक किताबमा नक्कल गर्नुहुन्छ: आदरणीय सय्यिदुना इब्राहीम तैमी رَحْمَةُ اللهِ عَلَيْه ले भन्नुहुन्छ : एक पटक मैले कल्पना गरें कि म जहन्नममा [अर्थात नरकमा] छु र आगोको साङलाहरूले बाधिएको छु, थूहर



www.dawateislami.net

(अर्थात विषालु काँटेदार रुख) खाइरहेको छु र नर्कवासीहरूको पीप पिइरहेको छु । यस्तो कल्पना गरी सकेपछि मैले आफ्नो नफ्ससँग सोधपुछ गरें, “भन् ! तलाई के चाहिएको छ? (जहन्नमको सजाय कि यसबाट छुटकारा?)” नफ्सले उत्तर दियो, (छुटकारा चाहिएको छ त्यसैले) “म चाहन्छु कि संसारमा फेरी फर्किएर जाँऊ र यस्ता कामहरू गरूँ जसबाट मलाई यस जहन्नमबाट छुटकारा मिलोस् ।” यसपछि मैले फेरि कल्पना गरें कि म जन्नत [अर्थात स्वर्ग] मा छु , त्यहाँका फलफूलहरू खाइरहेको छु , त्यसको नहरहरूबाट पिइरहेको छु र हूरहरू [अर्थात स्वर्गिय महिलाहरू] सँग भेटघाट गरिरहेको छु । यस्तो कल्पना गरेपछि मैले आफ्नो नफ्सलाई सोधें, “तलाई के कुराको चाहना छ? (जन्नतको कि जहन्नमको?)” नफ्सले भन्यो, (जन्नतको , त्यही भएर) मैले चाहन्छु कि “जन्नतको धैरै इनामहरू पाउनको लागि संसारमा गएर राम्रो काम गरेर आउँ ।” त्यतिबेला मैले आफ्नो नफ्सलाई भने, “यतिबेला तैले समय पाएको छस् ।” (अर्थात हे नफ्स ! अब तैले आफैंले बाटो निर्माण गर्नु छ कि सुध्रिएर जन्नतमा जाने हो कि बिग्रिएर दौजख़मा ! अब तैले यसै हिसाबले अभ्यास गर् !) *(ह़िल्यतुल औलिया, भाग ४, पृष्ठ २३५)*

*कुछ नेकियां कमा ले जल्द आख़िरत बना ले*

*कोई नहीं भरोसा ऐ भाई ! ज़िन्दगी का*



www.dawateislami.net

नेपाली अनुवाद :

*केही पुण्यहरू कमाई हाल, आखिरत छिटो सवारी हाल !*
*कुनै छैन भरोसा हे भाइ ! जीवनको*

صَلُّوْا عَلَى الْحَبِيْب      صَلَّى اللّٰهُ عَلٰى مُحَمَّد

## मरण पछिको जीवको तयारी

प्यारा इस्लामी भाइहरू ! अलि बुझ्ने प्रयास गर्नुहोस् कि हाम्रा धर्मका अग्रजहरू رَحْمَةُ اللّٰهِ عَلَيْهِم ले कुन कुन तरिकाबाट आफ्नो नफ्सलाई सुधार्नको लागि त्यसको मुहा-सबा गरेर , त्यसलाई नियन्त्रण गर्ने प्रयास गर्नुहुन्थ्यो । साथै, कमजोरीहरूमा थर्काउने अझ बरु कहिलेकाहीँ त यसको लागि सजाय पनि नियुक्त गर्ने पनि गर्नुहुन्थ्यो । हरबखत अल्लाह عَزَّوَجَلَّ सँग डराएर आफूलाई धेरैभन्दा धेरै सुधार्दै मरण पछिको जीवनको तयारीको लागि प्रयास जारी राख्नुहुन्थ्यो । नि : सन्देह , यस्ता व्यक्तित्वहरूको प्रयास सफल हुन्छ । क़ुरआने मजीद, फ़ुर्क़ाने ह़मीदको पारह १५, सूरए बनी इस्राईलको आयत संख्या १९ मा अल्लाह عَزَّوَجَلَّ ले भन्नुहुन्छ :

وَمَنْ اَرَادَ الْاٰخِرَةَ وَسَعٰى لَهَا سَعْيَهَا



www.dawateislami.net

وَهُوَ مُؤۡمِنٌ فَاُولٰٓئِكَ كَانَ سَعۡیُهُمۡ مَّشۡكُوۡرًا ﴿۱۹﴾

मेरा आक़ए मे'मत, आ'ला ह़ज़रत , अहले सुन्नतका इमाम , अ़ज़ीमुल ब-र-कत, अ़ज़ीमुल मर्तबत ,परवानए शम्ए रिसालत,मजद्दीदे दीनो मिल्लत ,पीरे त़रीक़त, शरिअ़तका ज्ञाता मौलाना शाह इमाम अह़मद रज़ा ख़ान رَحۡمَةُ اللهِ عَلَيۡه ले "कन्जुल ईमान" नामक आफ्नो प्रसिद्ध क़ुरआन शरीफ़को अनुवादमा अनुवाद यसरी गर्नुहुन्छ : और जो आख़िरत चाहे और उस की सी कोशिश करे और हो ईमान वाला तो उन्हीं की कोशिश ठिकामे लगी ।

## उज्यालो भविष्य

आज हाम्रो हालत यो छ कि "सांसारिक भोली" (अर्थात भविष्य) को सुधारको लागि त धेरै नै ध्यान विचार गर्छौं, त्यसको लागि विभिन्न प्रकारका आरामदायी कुराहरू जम्मा गर्नको लागि सधै प्रयास गर्छौं, मज्जाले ब्यांक ब्यालेन्स बढाउछौं, कारोबार बढाउछौं र आउने वाला सांसारिक राहतहरूको प्राप्तिको लागि कस्तो कस्तो पो योजना बनाउछौं कि कसरी हाम्रो "सांसारिक भोली" राम्रो होस् र हाम्रो भविष्य सुध्रियोस् । तर अफ्सोस ! हामी आफ्नो "मरण पछिको जीवनको भोली" (अर्थात मरण पछिको जीवन) लाई सुधार्ने चिन्ताबाट धेरैजसो बेखबर र त्यसको तयारीमा बिल्कुल



www.dawateislami.net

अल्छी छौं । जब कि सांसारिक भोलीलाई सुधार्नको लागि प्रतिक्षा गर्ने कति धेरै अज्ञानी मान्छेको मृत्यु हुन्छ र उनीहरू उज्यालो भविष्य पाएर खुसीहरू मनाउनुको सट्टामा अन्ध्यारो चिहानमा पुगेर पश्चात्ताउछन् । केवल सांसारिक जीवनको सोचमा डुबेर यसैको लागि मेहनत गर्नु, आफ्नो मरण पछिको जीवनको भलाईको लागि विचार तथा अभ्यासबाट लापरवाही गर्नु, आफ्ना पछिल्ला पापहरूको जवाफदेहिता गर्दै आइन्दाबाट पापहरूबाट बच्ने र पुण्यहरू गर्ने इरादा नगर्नु सरासर घाटा हो र समझदार व्यक्ति त्यही हो जसले मरण पछिको जीवनको हिसाबलाई मध्यनजर गर्दै आफूलाई सुधार्नको लागि नफ्सको कडाइका साथमा हिसाब गर्यो । जस्तो कि हाम्रा आदरणीय अग्रजहरूको शैली थियो । त्यसै सन्दर्भमा एउटा वृत्तान्त प्रस्तुत छ :

## अनौठो हिसाबकिताब

हुज्जतुल इस्लाम आदरणीय सय्यिदुना इमाम मुहम्मद गजाली رَحْمَةُ اللّٰهِ عَلَيْه ले नक्कल गर्नुहुन्छ कि आदरणीय सय्यिदुना इब्नुस्सिम्मा رَحْمَةُ اللّٰهِ عَلَيْه ले एक पटक आफ्नो मुहा-सबा गर्दै आफ्नो आयु अडकल गर्नुभयो त आयु (लगभग) ६० वर्ष भयो । ती ६० वर्षलाई १२ ले गुणान गर्दा सात सय बिस भयो र सात सय बिसलाई अझैं तिसले गुणान गर्दा एक्काइस हजार छ सय भयो जुन उहाँ



www.dawateislami.net

رَحْمَةُ اللّٰهِ عَلَيْه को शुभ आयुका दिनहरू थिए । त्यसपछि, आफूले आफूलाई भन्न थाल्नुभयो, "यदि आजसम्म मबाट दैनिक एउटा मात्र पाप भएको छ भने पनि आजसम्म एक्काइस हजार छ सय पापहरू भइसके ! जब कि यस अवधिमा यस्ता दिनहरू पनि बिते होला जुन दिनहरूमा मैले दैनिक एक हजार पापहरू सम्म गरेको छु ।" यो भन्नु थियो कि उहाँ رَحْمَةُ اللّٰهِ عَلَيْه अल्लाह عَزَّوَجَلَّ को भयबाट काँपन थाल्नुभयो ! त्यसपछि, अचानक उहाँको मुखबाट  एउटा चिच्याहट निक्लिएर हवामा हरायो र उहाँ رَحْمَةُ اللّٰهِ عَلَيْه भुइँमा आउनुभयो । जाँच गरियो त उहाँ رَحْمَةُ اللّٰهِ عَلَيْه को आत्मा उहाँको शरीरबाट निक्लिसकेको थियो । *(कीमियाए सआदत, भाग २, पृष्ठ ८९१)*

صَلُّوْا عَلَى الْحَبِيْب　　　صَلَّى اللّٰهُ عَلٰى مُحَمَّد

## न त पश्चातापको अनुभूति छ , न नै मरण पछिको जीवनको डर

प्यारा प्यारा इस्लामी दाजुभाइहरू ! विचार गर्नुहोस् कि हाम्रा धर्मका अग्रजहरू رَحْمَةُ اللّٰهِ عَلَيْهِم को "फ़िक्रे मदीना[1]"  गर्ने शैली कति उत्कृष्ट हुन्थ्यो र उहाँहरूले कस्तो गरेर आफ्नो नफ्सलाई सुधार्नको लागि यसको मुहा-सबा गर्नुहुन्थ्यो । जहिलेपनि पुण्यहरू

[1] दा'वते इस्लामको मदनी वातावरणमा आफ्नो मुहा-सबा गर्नुलाई "फ़िक्रे मदीना "भनिन्छ ।



www.dawateislami.net

गर्नमा व्यस्त रहदारहदै पनि आफूलाई पापी थान्नुहुन्थ्यो र जहिलेपनि अल्लाह عَزَّوَجَلَّ सँग डराई रहनुहुन्थ्यो। यहाँ सम्म कि कुनै कुनै अग्रजहरूको त धेरै डरको कारणले देहान्त हुन्थ्यो। तर अफ्सोस ! हाम्रो अवस्था यो छ कि रातदिन पापहरूको समुन्द्रमा डुब्दा पनि न त पश्चातापको अनुभूति छ र न नै मरण पछिको जीवनको डर। हाम्रा धर्मका अग्रजहरू رَحْمَةُ اللهِ عَلَيْهِم ले राती उठेर आराधना गर्नुहुन्थ्यो, प्रचुरताको साथमा रोजा [वर्त] राख्नुहुन्थ्यो, प्रशस्त मात्रामा असल कार्यहरू गर्नुहुन्थ्यो तरपनि आफूलाई सानो सम्झिदै अल्लाह عَزَّوَجَلَّ को भयको कारणले रुनुहुन्थ्यो।

*रातीं ज़ारी कर कर रोंदे , नींद अखीं दी धोंदे*
*फ़ज़्रीं ओ गन्हार कहांदे , सब थीं नीवीं होंदे*

(अर्थात तिनीहरू असल भक्त हुन जसको रात रुँदै कट्छ , जसको कारणले तिनीहरूको निन्द्रा हराउँछ तर यस्तो हुँदाहुँदै पनि जब बिहान हुन्छ त उनीहरूले आफूले आफूलाई मानिसहरुमध्ये सबैभन्दा पापी सम्झिन्छन्।)

उहाँहरूको महानता त यस्तो छ कि उहाँहरूले मुस्तहब कार्यहरूलाई [मुस्तहब कार्य अर्थात ती कार्यहरू जुन गर्दा पुण्य प्राप्त हुन्छ तर नगर्दा पाप हुँदैन] छोड्नु पनि आफ्नो लागि खराबीहरूमध्ये सम्झिनुहुन्थ्यो। नफ्ली [गरे सवाब नगरे पाप हुँदैन] आरधनाको



www.dawateislami.net

कमीलाई पनि अपराध सम्झिनुहुन्थ्यो र बाल्यकालको त्रुटिलाई पनि पाप थान्नुहुन्थ्यो जब कि नाबालिग भएको बेलामा पापलाई गनिदैन । यसै सन्दर्भमा एउटा वृत्तान्त प्रस्तुत छ :

## बाल्यकालको त्रुटि याद आयो।

एक पटक आदरणीय सय्यिदुना उ़त्बह ग़ुलाम رَحْمَةُ اللهِ عَلَيْه एउटा घरबाट हुँदै गुज्रिनुभयो त काँप्न थाल्नुभयो र पसिना-पसिना हुनुभयो ! मानिसहरूले पसिना आउनुको कारण सोधपुछ गर्दा उहाँ رَحْمَةُ اللهِ عَلَيْه ले उत्तर दिनुभयो, "यो त्यो ठाँउ हो जहाँ मैले सानो हुँदा पाप गरेको थिए!" *(तन्बीहुल मुग़्तर्रीन , पृष्ठ ५७)*

अल्लाह عَزَّوَجَلَّ को उहाँप्रति रह़मत [कृपा] होस् र उहाँको नाममा हाम्रो क्षमादान होस् ।

آمِیْن بِجَاہِ النَّبِیِّ الْاَمِیْن صَلَّی اللهُ عَلَیْهِ وَاٰلِهٖ وَسَلَّم

## बाल्यकालको पाप याद राख्ने अनौठो तरिका

नक्कल गरिएको छ कि आदरणीय सय्यिदुना ह़सन बसरी رَضِیَ اللّٰهُ عَنْهُ बाट बाल्यकालमा एउटा पाप भएको थियो । जब पनि उहाँ رَضِیَ اللّٰهُ عَنْهُ ले कुनै नयाँ कपडा सिलाउनुहुन्थ्यो त त्यसको



www.dawateislami.net

कलरमा त्यो पाप सूचीबद्ध गर्नुहुन्थ्यो र प्राय: त्यो हेरेर यसरी रुनुहुन्थ्यो कि रुँदारुँदै उहाँ رَحْمَةُ اللهِ عَلَيْه बेहोस् हुनुहुन्थ्यो।

*(तज़्किरातुल औलिया, भाग १, पृष्ठ ३९)*

अल्लाह عَزَّوَجَلَّ को उहाँप्रति रह़मत [कृपा] होस् र उहाँको नाममा हाम्रो क्षमादान होस् ।

آمِيْن بِجَاهِ النَّبِيِّ الْاَمِيْن صَلَّى اللهُ عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم

صَلُّوْا عَلَى الْحَبِيْب      صَلَّى اللهُ عَلٰى مُحَمَّد

## त्रुटिपूर्ण सुकर्महरूमा उफ्रिनु

प्यारा प्यारा इस्लामी दाजुभाइहरू ! देख्नुभयो तपाईँहरूले ? हाम्रा धर्मका अग्रजहरू رَحْمَةُ اللهِ عَلَيْهِم ले आफ्नो बाल्यकालको पापलाई पनि याद राख्नुहुन्थ्यो र त्यस पापको कारणले अल्लाह عَزَّوَجَلَّ सँग कस्तो डराउनुहुन्थ्यो र एक हामी अभागीहरूको हालत यो छ कि बालिग भए पनि जानाजानी गरेको पापहरूलाई बिर्सिन्छौं र आफ्नो त्रुटिपूर्ण सुकर्महरूलाई याद गरेर उफ्रिन्छौं ।

صَلُّوْا عَلَى الْحَبِيْب      صَلَّى اللهُ عَلٰى مُحَمَّد



www.dawateislami.net

## सुकर्महरू भुलिदेऊ

प्यारा प्यारा इस्लामी दाजुभाइहरू ! बुद्धिमान व्यक्ति त्यही हो जसले सुकर्म गर्ने सौभाग्य प्राप्त गरेर त्यसलाई भुल्छ र पापहरू भए त्यसलाई याद राख्छ र आफूलाई सुधार्नको लागि त्यसमा कडाइका साथ आफ्नो मुहा-सबा गर्छ । अझ बरु, असल कार्यहरूको कमीमा पनि आफूलाई थर्काउनुहोस् र हरेक क्षण अल्लाह عَزَّوَجَلَّ को अप्रसन्नताबाट आफूलाई डराई राख्नुहोस् । यही नै हाम्रा धर्मका अग्रजहरू رَحْمَةُ اللهِ عَلَيهِم को तरिका रहेको छ । यसै सन्दर्भमा एउटा वृत्तान्त प्रस्तुत गर्दछु :

## आज "के के" गरिस्?

अमीरुल मुअमिनीन आदरणीय सय्यिदुना ऩ्रमरे फ़ारूक़े आ'ज़म رَضِیَ اللهُ عَنْهُ ले दैनिक आफ्नो कर्महरूको जवाफदेहिता गर्नुहुन्थ्यो र जब राती हुन्थ्यो त आफ्नो खुट्टामा चाबुकले हानेर प्रश्न गर्नुहुन्थ्यो, "भन् ! आज तैले के के गरेको छस्?" *(इह़याउल ऩ्लूम , भाग ५, पृष्ठ १४१)*

अल्लाह عَزَّوَجَلَّ को उहाँप्रति रह़मत [कृपा] होस् र उहाँको नाममा हाम्रो क्षमादान होस् ।

اٰمِيْن بِجَاهِ النَّبِيِّ الْاَمِيْن صَلَّى اللهُ عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم



www.dawateislami.net

## फ़ारूक़े आज़म رَضِیَ اللّٰہُ عَنْہُ को नम्रता

आदरणीय सय्यिदुना ऊ़मरे फ़ारूक़े आ'ज़म رَضِیَ اللّٰہُ عَنْہُ अ़-श-रए मुबश्शरह अर्थात ती गौरवशाली सहाबाहरू رَضِیَ اللّٰہُ عَنْہُمْ जसलाई ज्ञानको सागर , जसको चर्चा अमर , जसको छ मधुर स्वर ,जसको मुहार मनोहर , जसको दृष्टि अति सुन्दर , मदर्साहरू जसको घर , पावन जसको शहर , मदिना जसको नगर , हाम्रा प्यारा नबी صَلَّی اللّٰہُ عَلَیْہِ وَاٰلِہٖ وَسَلَّم ले जन्नतको सुसमाचार सुनाउनुभयो र उहाँ [फ़ारूक़े आज़म رَضِیَ اللّٰہُ عَنْہُ] तिनीहरूमा नै परेका आदरणीय सय्यिदुना सिद्दीक़े अक्बर رَضِیَ اللّٰہُ عَنْہُ पछि सबैभन्दा महान हुँदाहुँदै पनि नम्रता अपनाउनुहुन्थ्यो । जस्तो कि एक पटक आदरणीय सय्यिदुना अनस बिन मालिक رَضِیَ اللّٰہُ عَنْہُ ले भन्नुहुन्छ : एक पटक मैले आदरणीय सय्यिदुना ऊ़मरे फ़ारूक़े आज़म رَضِیَ اللّٰہُ عَنْہُ लाई एउटा बगैंचाको भित्ताको नजिक देखें कि उहाँ ले आफ्नो नफ्सलाई भनिरहनुभएको थियो, “वाह ! तलाई सबैले अमीरुल मुअमिनीन भन्छन् (त्यसपछि नम्रतापूर्वक भन्न थाल्नुभयो) र तँ (त त्यो हो कि जो) अल्लाह عَزَّوَجَلَّ सँग डराउदैन ! (याद राख !) यदि तँ अल्लाह عَزَّوَجَلَّ सँग डराइनस् भने त उसको सजायमा गिरफ्तार हुनेछस् !” *(कीमियाए सआदत, भाग २, पृष्ठ ८९२(*

अल्लाह عَزَّوَجَلَّ को उहाँप्रति रहमत [कृपा] होस् र उहाँको नाममा



www.dawateislami.net

हाम्रो क्षमादान होस् ।

اٰمِیْن بِجَاہِ النَّبِیِّ الْاَمِیْن صَلَّی اللّٰہ عَلَیْہِ وَاٰلِہٖ وَسَلَّم

प्यारा प्यारा इस्लामी दाजुभाइहरू ! आदरणीय सय्यिदुना ऊ़मरे फ़ारुक़े आ़ज़म رَضِیَ اللّٰہ عَنْہُ को यसरी आफ्नो नफ्सलाई हप्लाउनु र अल्लाह عَزَّوَجَلَّ को डर दिलाएर त्यसको मुहा-सबा गर्नु हाम्रो शिक्षाको लागि पनि थियो । तसर्थ :

## क़ियामतको दिन [अर्थात महाप्रलयको दिन] भन्दा पहिला हिसाब

एउटा मौकामा आदरणीय सय्यिदुना ऊ़मरे फ़ारुक़े आ़ज़म رَضِیَ اللّٰہ عَنْہُ ले भन्नुभयो, “हे मानिसहरू ! क़ियामतको दिन [अर्थात महाप्रलयको दिन] आएर आफ्नो कार्यहरूको हिसाब लिइनभन्दा पहिल्यै नै आफ्नो कार्यहरूको हिसाब गर!” (इह्याउल ऊ़लूम, भाग ५, पृष्ठ १२८)

अल्लाह عَزَّوَجَلَّ को उहाँप्रति रहमत [कृपा] होस् र उहाँको नाममा हाम्रो क्षमादान होस् ।

اٰمِیْن بِجَاہِ النَّبِیِّ الْاَمِیْن صَلَّی اللّٰہ عَلَیْہِ وَاٰلِہٖ وَسَلَّم

صَلُّوْا عَلَی الْحَبِیْب صَلَّی اللّٰہُ عَلٰی مُحَمَّد



www.dawateislami.net

## “मुहा-सबा ”भनेको के हो?

प्यारा प्यारा इस्लामी दाजुभाइहरू ! आफ्नो पछिल्ला कर्महरूको हिसाब गर्नुलाई “मुहा-सबा” भनिन्छ l काश ! दैनिक राती “फ़िक्रे मदीना” गर्दै आफ्नो नफ्ससँग दिनभरीको कर्महरूको हिसाब गर्ने सौभाग्य प्राप्त होस् र यसैगरी हामीहरूलाई आफ्नो नफ्ससँग यसले दिनभर गरेको कर्महरूको बारेमा हिसाबकिताब गर्ने सौभाग्य प्राप्त होस् ताकी यसको नाफा वा नुकसानको बारेमा थाहा होस् । जसरी कारोबारमा सहभागी मान्छेसँग हिसाब लिनमा भरपूर प्रयास गरिन्छ ; त्यसरी नै आफ्नो नफ्ससँग पनि आफ्नो कर्महरूको हिसाबकिताबमा निकै धेरै सावधानी आवश्यक छ किनकि नफ्स ज्यादै नै चलाख र धोका दिने वाला छ । यसले हामीलाई अवज्ञा पनि आज्ञाकारीको भेषमा देखाउँछ ताकी खरबीहरूमा पनि हामीलाई नाफा देखियोस् जब कि त्यसमा सरासर नुकसान हुन्छ । केवल यही मात्र होइन बरु सहि अर्थमा सिध्रिनको लागि सबै मान्य कुराहरूमा पनि नफ्ससँग हिसाब खोज्नुपर्छ । यदि हामीलाई यसमा कुनै कम्जोरी देखियो भने त्यससँग कडाइका साथमा कमी पूरा गराउनुपर्छ । जसतो कि हाम्रा आदरणीय धर्मका अग्रजहरू رَحْمَةُ اللهِ عَلَيْهِم को तरिका रह्यो। तसर्थ :



www.dawateislami.net

## बत्तीमाथि कान्छी औंला

महान इस्लामी विद्वान र ताबेई अग्रज आदरणीय सय्यिदुना अह्नफ़ बिन क़ैस رَضِیَ اللّٰہ عَنْہُ ले रातीको समयमा हातमा बत्ती लिनुहुन्थ्यो र त्यसको आगोमाथि आफ्नो कान्छी औंला राखेर यस्तो भन्नुहुन्थ्यो, “हे नफ्स ! तैले फलानो फलानो काम किन गरिस्? र फलानो कुरा किन खाइस्?”

*(कीमियाए सआदत , भाग २, पृष्ठ ८९३)*

अल्लाह عَزَّوَجَلَّ को उहाँप्रति रह़मत [कृपा] होस् र उहाँको नाममा हाम्रो क्षमादान होस् ।

اٰمِیْن بِجَاہِ النَّبِیِّ الْاَمِیْن صَلَّی اللّٰہ عَلَیْہِ وَاٰلِہٖ وَسَلَّم

अर्थात आफ्नो मुह़ा-सबा गर्नुहुन्थ्यो कि यदि मेरो नफ्सले गल्ति गरेको छ भने यसलाई चेतावनी होस् कि यो बत्तीको आगो जो कि निकै हल्का छ ; यति हुँदा पनि यसलाई यसले सहन सक्दैन भने नरकको भयानक आगोलाई कसरी खप्न सक्छ ! हुज्जतुल इस्लाम आदरणीय सय्यिदुना इमाम मुह़म्मद बिन मुह़म्मद ग़जाली رَضِیَ اللّٰہ عَنْہُ ले यस्तै प्रकारको अझैं एउटा वृतान्त नक्कल गर्दै भन्नुहुन्छ:



www.dawateislami.net

## कहिलेपनि माथि हेर्नेछैन

आदरणीय सय्यिदुना मज्मअ़ नामक एक जना अग्रज رَضِیَ اللہ عَنْہُ ले एक पटक माथितिर हेर्नुभयो त एउटा छतमा रहेकी कुनै महिमामा आँखा गयो । त्यसपछि, उहाँले तुरुन्तै आफ्नो आँखा झुकाउनुभयो र [त्यो कुरामा] यति धेरै पश्चुताउनु भयो कि [त्यसको कारणले] यो प्रतिज्ञा लिनुभयो कि “आइन्दाबाट कहिलेपनि माथि हेर्नेछैन ।” *(इह़याउल उ़लूम, भाग ५, पृष्ठ १४१)*

अल्लाह عَزَّوَجَلَّ को उहाँप्रति रह़मत [कृपा] होस् र उहाँको नाममा हाम्रो क्षमादान होस् ।

آمِین بِجَاہِ النَّبِیِّ الْاَمِین صَلَّی اللہ عَلَیْہِ وَاٰلِہٖ وَسَلَّم

*आंख उठती तो मैं झुंजुला के पलक सी लेता*
*दिल बिगड़ता तो मैं घबरा के संभाला करता*

*(ज़ौक़े ना'त)*

صَلُّوْا عَلَی الْحَبِیْب صَلَّی اللہُ عَلٰی مُحَمَّد

प्यारा प्यारा इस्लामी दाजुभाइहरू ! तपाईँहरूले मनन गर्नुभयो कि हाम्रा धर्मका अग्रजहरू رَحْمَۃُ اللہِ عَلَیْہِم को कस्तो मदनी सोच हुनेगर्दथ्यो कि यदि गल्तिले पनि कुनै नामह़रम [जसलाई हेर्न जायज छैन] माथि आँखा पर्यो भने पनि कहिल्यै माथितिर नहेर्ने

प्रतिज्ञा लिनुहुन्थ्यो अर्थात "क़फ्ले मदीना" गर्नुहुन्थ्यो जब कि अचानक कुनै नामह्रमामाथि आँखा पर्यो भने क्षमा हुन्छ ।

*आक़ा की ह़या से झुकी रहती नज़र अक्सर*
*आंखों पे मेरे भाई लगा क़ुफ़्ले मदीना*

صَلُّوْا عَلَى الْحَبِيْب صَلَّى اللّٰهُ عَلٰى مُحَمَّد

## यदि जन्नतमा जानबाट रोकियो भने !

आदरणीय सय्यिदुना इब्राहिम बिन अदहम رَضِیَ اللّٰهُ عَنْهُ एक पटक नुहाउनको लागि कुनै स्नान घरमा जानुभयो । स्नान घरको परिचरले उहाँलाई रोकेर उहाँसँग पैसा माग्यो र उसले भनिदियो कि, "यदि तपाईँले पैसा नदिनुभयो भने छिर्न दिनेछैन ।" उसले यो भन्दा उहाँ رَضِیَ اللّٰهُ عَنْهُ रुन थाल्नुभयो । स्नान घरको परिचरले चिन्तित भएर अनुरोध गर्यो, "यदी तपाईँसँग दिरहम छैन भने केही समस्या छैन । तपाईँ दिर्हम नदीकन नुहाउनुहोस् ।" उहाँ رَضِیَ اللّٰهُ عَنْهُ ले जवाफ दिनुभयो, "म मलाई रोकिएको कारणले रोएको होइन बरु मलाई त यो कुराले रुवायो कि आज मलाई दिर्हम नभएको कारणले यस्तो स्नान घरमा जानबाट रोकियो जहाँ असल र पापी सबैले नुहाउँछन् । आह ! यदि पुण्यहरू नहुनुको कारणले मलाई भोली त्यो स्वर्ग जुन केवल असल



www.dawateislami.net

मान्छेहरूको ठेगाना हो ; त्यहाँ जानबाट रोकियो भने मेरो हालत के हुनेछ !”

अल्लाह عَزَّوَجَلَّ को उहाँप्रति रहमत [कृपा] होस् र उहाँको नाममा हाम्रो क्षमादान होस् ।

اٰمِيْن بِجَاہِ النَّبِیِّ الْاَمِيْن صَلَّى اللهُ عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم

प्यारा प्यारा इस्लामी दाजुभाइहरू ! यो ती नुफ़ूसे क़ुदसिय्याको घटनाहरू हुन् जो अल्लाह عَزَّوَجَلَّ का धर्मनिष्ट भक्तहरू हुन् । जसको टाउकोमा अल्लाह عَزَّوَجَلَّ ले विलायतको ताज सजाउनुभएको छ । मनन गर्नुहोस् कि ती आदरणीय वलीहरू رَحْمَةُ اللهِ عَلَيهِم ले विलायत जस्तो महान पद प्राप्त गरेर पनि कसरी आफ्नो नफ्सलाई सुधार्नको लागि त्यसको मुहा-सबा गर्नुहुन्थ्यो र आफूलाई पापी सम्झिनुहुन्थ्यो । काश ! हामीहरूले पनि सुध्रिने जोश राख्दै आफ्नो मुहा-सबा गर्न पाए र मर्नुभन्दा पहिल्यै आफ्नो कर्महरूको निरीक्षण गर्नमा सफल हुन पाए । पछिल्ला वृतान्तहरूबाट थाहा भयो कि अल्लाह عَزَّوَجَلَّ का असल भक्तहरूले सांसारिक समस्याहरूलाई आखिरत (मृत्यु पछिको जीवन) लाई सम्झिने माध्यम बनाउनुहुन्थ्यो । यसै विषयमा अझैँ एउटा वृत्तान्त सुन्नुहोस् । तसर्थ :



www.dawateislami.net

## हतकडीहरू र बन्धनहरू

पवित्र कुरआनका व्याख्याकर्ता, ख़ज़ाईनुल इ़रफान फ़ी तफ़्सीरिल क़ुरआनका लेखक, आ'ला ह़ज़रतका खलिफा, आदरणीय सद्रुल अफ़ाज़िल अ़ल्लामा मौलाना सय्यिद मुह़म्मद नई़मुद्दीन मुरादाबादी رَحْمَةُ اللّٰهِ عَلَيْه ले आफ्नो प्रख्यात किताब "सवानिहे़ कर्बला" को पृष्ठ संख्या ६० मा लेख्नुहुन्छ : ह़ज्जाज बिन यूसुफ़को समयमा आदरणीय सय्यिदुना इमाम ज़ैनुल आ़बिदीन رَضِیَ اللّٰهُ عَنْهُ लाई दोश्रो पटक कैद गरियो र उहाँको पावन शरीरलाई फलामको भारी जन्जीरहरूमा बाँधियो र गार्डलाई नियुक्त गराइयो । प्रसिद्ध मुह़द्दिस [पवित्र ह़दीस व्याख्या गर्ने महापुरुष] आदरणीय सय्यिदुना इमाम ज़ोहरी رَضِیَ اللّٰهُ عَنْهُ इमाम जैनुल आ़बिदीन رَضِیَ اللّٰهُ عَنْهُ समक्ष हाजिर हुनुभयो र इमाम ज़ोहरी رَضِیَ اللّٰهُ عَنْهُ इमाम ज़ैनुल आ़बिदीन رَضِیَ اللّٰهُ عَنْهُ को मार्मिक अवस्था देखेर रुन थाल्नुभयो र आफ्नो भित्रि भावना व्यक्त गर्दै भन्न थाल्नुभयो, "आह ! तपाईंको यस्तो अवस्था मबाट देखिदैँन । काश ! तपाईं رَضِیَ اللّٰهُ عَنْهُ को सट्टामा म यसरी कैद भएको हुन्थे !" यो सुनेर उहाँ इमाम ज़ैनुल आ़बिदीन رَضِیَ اللّٰهُ عَنْهُ ले भन्नुभयो, "तपाईँले यो सम्झिनुहुन्छ कि यसरी कैद भएको कारणले म चिन्तामा छु ? वास्तविकता त यो हो कि यदि मैले चाहेभने अल्लाह عَزَّوَجَلّ को कृपाबाट अहिल्यै मुक्त हुनसक्छु तर यो सजायमा धैर्य गर्दा इनाम छ । यी



www.dawateislami.net

बन्धनहरू र जन्जीरहरूमा नरकको डरलाग्दो आगोको जन्जीरहरू , बन्धनहरू र अल्लाह عَزَّوَجَلَّ को सजायको याद छ ।" यो भनेर बन्धनहरूबाट खुट्टा र हतकडीहरुबाट हात निकालिदिनुभयो ।

अल्लाह عَزَّوَجَلَّ को उहाँहरूप्रति रह़मत [कृपा] होस् र उहाँहरूको नाममा हाम्रो क्षमादान होस् ।

اٰمِيْن بِجَاهِ النَّبِيِّ الْاَمِيْن صَلَّى اللهُ عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم

صَلُّوْا عَلَى الْحَبِيْب صَلَّى اللهُ عَلٰى مُحَمَّد

## स्वासको माला

आदरणीय सैय्यदुना इमाम ह़सन बसरी رَضِىَ اللهُ عَنْهُ ले भन्नुहुन्छ, "छिटो गर ! छिटो गर ! तिम्रो जीवन के हो ? यो स्वास नै त हो । यदि यो रोकियो भने तिम्रो त्यो कामहरूको श्रृङ्खला बन्द हुनेछ जसबाट तिमीले अल्लाह عَزَّوَجَلَّ को निकटता प्राप्त गर्छौ । अल्लाह عَزَّوَجَلَّ ले त्यस व्यक्तिमाथि कृपा गरोस् जसले आफ्नो कर्महरूको निरीक्षण गर्यो र आफ्नो पापहरूमा केही आँशु बगायो ।"

*(अत्तह़ाफुस् सादतुल मुत्तक़ीन, भाग १४, पृष्ठ ७१)*

صَلُّوْا عَلَى الْحَبِيْب صَلَّى اللهُ عَلٰى مُحَمَّد



www.dawateislami.net

## धर्मविमुख व्यक्ति मूर्ख हुन्छ

प्यारा प्यारा इस्लामी दाजुभाइहरू ! विचार गर्नुहोस् कि हामीहरू त टाउकोदेखि खुट्टासम्म पापमा डुबेका छौं । आखिर कुन चाँहि पाप यस्तो छैन जुन हामीहरूले गर्दैनौं? सुकर्महरू हामीबाट हुँदैन र यदि भइहाल्यो भने पनि निष्कपटताको अत्तोपत्तो हुँदैन, मान्छेहरूलाई आफ्नो सुकर्महरू सुनाएर देखावटीको विनाशको शिकार हुन्छौं , हाम्रो नामा ए अ़ामाल [अर्थात हामीहरूले गरेका कर्महरू टिपोट गरिएको पुस्तक] सुकर्महरूबाट खाली हुँदै र पापहरूबाट भरिँदै गइरहेको छ । तर अफसोस ! हामीहरूलाई यसको नराम्रो परिणामहरू र आफूलाई सुधार्ने कुनै पनि अनुभूति छैन र अझै त्यसमाथि यो कि आफूले आफूलाई निकै बुद्धिमान थान्छौं ; यहाँ सम्म कि यदि कसैले हामीलाई मूर्ख भन्यो भने त हामीहरू उसको शत्रु नै बन्नपुग्छौं । तर अब आफैँले भन्नुहोस् कि यदि कुनै अपराधीलाई फाँसीको सजाय सुनाई दिइसकेको छ र प्रहरीले उसलाई तलाश गरिरहेको छ र त्यो अपराधी गिरफ्तारीबाट निडर भएर र सावधान तरिका छोडेर आजाद भएजसरी घुमिरहेको छ भने के त्यसलाई बुद्धिमान भन्नुहुनेछ ! यस्तो व्यक्तिलाई मान्छेहरूले मूर्ख नै भन्नेछन् ।



www.dawateislami.net

## नरकको ढोकामा नाम

प्यारा प्यारा इस्लामी दाजुभाइहरू ! जसलाई भनिसकिएको छ कि “जसले जानाजानी नमाज छोड्छ , नरकको ढोकामा उसको नाम लेखिदिइन्छ ।” *(ह़िल्यतुल औलिया, भाग ७, पृष्ठ २९९, रक़म १०५९०)* र यो खबर दिइसकेको छ कि “जसले रमज़ान महिनाको एउटा वर्त पनि कुनै इस्लामी सम्विधान अनुसारको कारण वा कुनै रोगको कारण बिना छोड्छ र यदि यसको क़ज़ा वर्त राख्छ भने जिन्दगीभरीको वर्तहरू पनि त्यो छोडेको वर्तको क़ज़ा हुनसक्दैँन ।” *(सुननुत तिर्मिज़ी, भाग २, पृष्ट १७५, ह़दीस ७२३)* र यो पनि खबर दिइसकेको छ कि “जो व्यक्तिसँग ह़ज गर्ने खर्च र सवारीको क्षमता छ जसले त्यसलाई बैतुल्लाह عَزَّوَجَلَّ सम्म पुगाइदिन्छ ; यति हुँदाहुँदै पनि जो व्यक्तिले ह़ज गर्दैन ; चाहे ऊ यहूदी भएर मरोस् वा इसाई भएर ।” *(सुननुत तिर्मिज़ी, भाग २, पृष्ठ २१९, ह़दीस ८१२)* यदि तिमीले वाचा उल्लङ्घन गर्यौं भने याद राख ! जसले वाचा उल्लङ्घन गर्छ ; उसमाथि अल्लाह عَزَّوَجَلَّ को, फरिश्ताहरूको र सबै मानिसहरूको धिक्कार हुन्छ र उसको न त फर्ज़ [अनिवार्य आराधना] स्वीकार गरिनेछ र न नै नफ़्ल । *(सह़ीहुल बुख़ारी, भाग १, पृष्ठ ६१६, ह़दीस १८७०)* यदि तिमिले आफ्नो आँखाको दुरुप्रयोग गर्यौं , कुनै ना-मह़रम महिलालाई हेर्यौं वा अम्रदलाई लालसाको दृष्टिकोणले हेर्यौं वा टिभी, भी.सी.आर, इन्टरनेट र चल्चित्र घर



www.dawateislami.net

आदिमा चल्चित्र, नाटकहरू र अश्लीलताले भरिएको दृश्यहरू हेर्यौं भने याद राख ! नक्कल गरिएको छ "जसले आफ्नो आँखालाई हराम [हेर्न नुहुने दृश्य] बाट भर्यो ; क़ियामतको दिनमा अल्लाह عَزَّوَجَلَّ ले उसको आँखामा आगो भरिदिनुहुनेछ ।" र जसलाई यो सम्झाई दिइसकेको छ कि छिटै तिमीलाई मर्नु पर्नेछ किनकि हरेक प्राणीलाई मर्नु छ , जब समय पूरा हुनेछ त न मृत्यु एक क्षण अगाडि आउनेछ र न नै एक क्षण पछाडि र जसलाई यो पनि जानकारी गराइएको छ कि मरेपछि उसलाई चिहानमा पुग्नु छ जुन अपराधीको लागि अँध्यारो र भयानक हुनेछ । तिनीहरूको लागि किराहरू , सर्पहरू , बिच्छीहरू पनि हुनेछन् र त्यसमा हजारौं वर्षको लागि बस्नुपर्नेछ । आह ! चिहानले हरेकलाई दबाउनेछ ; असल मान्छेहरूलाई यसरी दबाउनेछ जसरी हराएको छोरालाई आमाले पाँउदा आफ्नो मुटुको टुक्रालाई करुणाको साथमा छातीसँग लगाउछे र जोसँग अल्लाह عَزَّوَجَلَّ अप्रसन्न हुनुहुन्छ ; तिनीहरूलाई यसरी डबाउनेछ कि करङहरू फुटेर एक-आपसमा यसरी मिल्नेछन् जसरी दुवै हातको औंलाहरू एक-आपसमा मिल्छन् । यसैमा रोक छैन अझै यस कुराबाट पनि खबरदार गरिएको छ कि क़ियामतको एक दिन [सांसारिक] पचास हजार वर्ष बराबर हुनेछ र सुर्य एक मील नजिक रहेर आगोको ताप दिनेछ ,



www.dawateislami.net

हिसाबकिताबको श्रृंखला हुनेछ , असलहरूको लागि स्वर्ग र अपराधीहरूको लागि नरकको प्रकोपहरू हुनेछ ।

## मूर्खताको हद

यदि यति सबै थाहा हुँदाहुँदै पनि कुनै व्यक्ति अल्लाह عَزَّوَجَلَّ सँग जसरी डराउनु पर्छ त्यसरी डराउँदैन, मृत्युको कठिनाइहरू, चिहानको तथा क़ियामतको भयानकता र जहन्नमको सजयाहरूबाट सहि अर्थमा डराउँदैन , लापरवाहीमा गरिरहन्छ , नमाजहरू पढ्दैन , र-मज़ानुल मुबारक महिनाको वर्तहरू राख्दैन, अनिवार्य भएको अवस्थामा पनि आफ्नो धनको जकात निकाल्दैन, अनिवार्य भएको अवस्थामा पनि हज गर्दैन, वाचा उल्लङ्घन गर्नु उसको तरिका रहन्छ, झूट बोल्नु, कुरा काट्नु, चुक्ली, गलत शंकाहरू आदि छोड्दैन, चलचित्र,नाटकहरूको इच्छुक रहन्छ , गित सुन्नु उसको शौक रहन्छ, आमाबुबाको अवज्ञा गर्छ , गालीहरू दिन्छ र विभिन्न प्रकारको अश्लील कुराहरूमा मस्त रहन्छ तर पनि आफूलाई बिल्कुल सुधार्दैन र त्यति हुँदाहुँदै पनि आफूले आफूलाई समझदार सम्झिन्छ भने त्यस्तो व्यक्तिभन्दा ठूलो मूर्ख अरू को होला? र मूर्खताको हद त यो हो कि जब सुधार्नको लागि उसलाई सम्झाइने गरिन्छ त लापरवाहीको साथमा यो भनिदिन्छन् कि “केही समस्या छैन,



www.dawateislami.net

अल्लाह عَزَّوَجَلَّ त दयालु तथा कृपालु हुनुहुन्छ । उहाँले कृपा गर्नुहुनेछ, उहाँले क्षमा गर्नुहुनेछ ।”

## क्षमादानको इच्छा कतिबेला मूर्खता हो?

हुज्जतुल इस्लाम आदरणीय सय्यिदुना इमाम मुह़म्मद बिन मुह़म्मद गजाली رَضِیَ اللّٰہ عَنْهُ ले “इह़याउल ऊ़लूम” नामक किताबमा लेख्नुहुन्छ : ईमानको बीउलाई आराधनाको पानी नदिइयो भने वा हृदयलाई खराब आचरणहरूबाट दुषित छोडियो र सांसारिक आनन्दमा तल्लीन गराइयो भने क्षमादानको प्रतीक्षा गर्नु एक मूर्खता र धोकामा परेको व्यक्तिको प्रतीक्षा हो ।” *(इह़याउल ऊ़लूमिद्दीन, भाग ४, पृष्ठ १७५)*

हाम्रा दयालु नबी, हाम्रा प्यारा सरदार صَلَّى اللهُ عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم को कथन छ, “असक्षम (मूर्ख) व्यक्ति त्यो हो जसले आफ्नो नफ्सको इच्छाहरूको पालना गर्छ र) यसको बावजुद पनि) अल्लाह عَزَّوَجَلَّ सँग आशा राख्छ ।”

*(सुननुत तिर्मिज़ी, भाग ४, पृष्ठ २०७ – २०८, ह़दीस २४६७)*

## जौको बीउ रोपेर गहुँ काट्ने आशा राख्नु मूर्खता हो ।

मुफ़स्सिरौ शहीर, ह़कीमुल उम्मत आदरणीय मुफ्ती अह़मद यार खान رَحْمَةُ اللّٰهِ عَلَيْه ले यस शुभ ह़दीस अन्तर्गत भन्नुहुन्छ : माथि



www.dawateislami.net

उल्लेखित हदिसको सन्धर्भमा असक्षमको अर्थ मूर्ख व्यक्ति हो । समझदारको तुलनामा नफ़्से अम्माराबाट दबिएको अर्थात मूर्ख व्यक्ति त्यो हो जसले जहन्नममा लिएर जाने काम गर्छ र आशा, जन्नतको गर्छ र भन्ने गर्छ कि अल्लाह عَزَّوَجَلَّ क्षमा गर्नेवाला र सबैभन्दा धेरै दयालु हुनुहुन्छ ।' जसले बीउ रोप्छ जौको र आशा गर्छ गहुँको र भन्ने गर्छ कि अल्लाह عَزَّوَجَلَّ क्षमा गर्नेवाला र सबैभन्दा धेरै दयालु हुनुहुन्छ । उसले फसल काट्ने समयमा जौलाई गहुँमा परिणत गर्नुहुन्छ । यो दृष्टिकोणलाई आशावादी भन्न सकिँदैन । अल्लाह عَزَّوَجَلَّ ले पवित्र क़ुरआनमा भनेका छन् :

مَا غَرَّكَ بِرَبِّكَ الْكَرِيْمِ ۙ﴿۶﴾

(कन्ज़ुल ईमानको हिन्दी अनुवाद : तुझे किस चीज़ ने फ़रेब दिया अपने करम वाले रब से) *(सूरह अल नफ़्तर, आयत संख्या ६, पाराह ३०)*

र भन्नुहुन्छ:

اِنَّ الَّذِيْنَ اٰمَنُوْا وَ الَّذِيْنَ هَاجَرُوْا وَ جٰهَدُوْا فِيْ سَبِيْلِ اللّٰهِ ۙ
اُولٰٓئِكَ يَرْجُوْنَ رَحْمَتَ اللّٰهِ ؕ وَ اللّٰهُ غَفُوْرٌ رَّحِيْمٌ ﴿۲۱۸﴾



www.dawateislami.net

(कन्ज़ुल ईमानको हिन्दी अनुवाद : वोह जो ईमान लाए और वोह जिन्हो ने अल्लाह (عَزَّوَجَلَّ) के लिये अपने घरबार छोड़े और अल्लाह की राह में लड़े वोह रह़मते इलाही के उम्मीद वार हैं और अल्लाह बख़्शने वाला मेह्रबान है) *(सूरतुल बक़रह, आयत २१८)*

जौ रोपेर गहुँ काट्ने आशा गर्नु एक शैतानी धोका र नफ़सानी वस्वसा हो । ख़्वाजा ह़सन बसरी (رَضِیَ اللّٰہُ عَنْہُ) ले भन्नुहुन्छ: केहि व्यक्तिहरुलाई झुटो आशाले असल कर्महरूब गर्ने सहि बाटोबाट हटाइदियो । जसरी झूटो कुरा पाप हो , त्यसरी नै झूटो आशा पनि पाप हो ।" *(मिरआतुल मनाजीह़, भाग ७,पृष्ठ १०२,१०३)*

## जहन्नमको बीउ रोपेर जन्नतको खेतीको प्रतीक्षा !

हुज्जतुल इस्लाम आदरणीय सय्यिदुना इमाम मुह़म्मद बिन मुह़म्मद गजाली رَضِیَ اللّٰہُ عَنْہُ ले आफ्नो "इह़याउल उ़लूम" नामक किताबमा नक्कल गर्नुहुन्छ : आदरणीय सय्यिदुना यह़्या बिन मुआ़ज رَضِیَ اللّٰہُ عَنْہُ ले भन्नुहुन्छ, "मेरो नज़रमा सबैभन्दा ठूलो धोका यो हो की कुनै व्यक्ति स्वयं सचेत नभई क्षमाको आशामा कुनै पापलाई निरन्तरता दिरहन्छ र अल्लाह عَزَّوَجَلَّ को आज्ञाकारिता नगरी अल्लाह عَزَّوَجَلَّ बाट क्षमाको आशा



www.dawateislami.net

राख्छ वा यो भनौं कि जसले जहन्नमको बीउ रोपेर स्वर्गको फलफूलको आशा राख्यो । पापहरूको साथमा आराधक व्यक्तिहरूको घर (जन्नत) चाहन्छ , बिना कुनै राम्रो कामको राम्रो इमानको प्रतीक्षा गर्छ र क्रूरता र अन्याय गर्दागर्दै पनि अल्लाह عَزَّوَجَلَّ सँग मुक्तिको आशा गर्दछ ।

تَرْجُوْالنَّجَاةَ وَلَمْ تَسْلُكْ مَسَالِكَهَا اِنَّ السَّفِيْنَةَ لَاتَجْرِیْ عَلَى الْيَبَسِ

तिमीले मुक्रिको आशा गर्छौ तर यसको तरिकामा हिँड्दैनौ । निश्चय नै जमिनमा जहाज चल्न सक्दैन *(इह्याउल उलूम, भाग ४, पृष्ठ १७६)*

## समस्या चेतावी पाउने माध्यम हो

याद राख्नुहोस् ! अल्लाह عَزَّوَجَلَّ कसैमाथि निर्भर हुनुहुँदैन । उहाँ عَزَّوَجَلَّ कसैमाथि हुनुहुँदैन भन्ने कुरा यहाँबाट बुझ्ने प्रयास गर्नुहोस् कि के तपाईँलाई यस संसारमा केहीपनि समस्या हुँदैन? ज्वोरो आउँदैन? के तपाईँलाई कहिल्यै चिन्ता लाग्दैन? के तपाईँले कहिलेपनि गरीबी, ऋणी, बेरोजगारीको दृश्य देख्नुभएको छैन? के तपाईँ दुर्घटनाहरूमा पर्नुभएको छैन? हात, खुट्टा वा आँखाबाट अक्षम भएका मान्छेहरू यो देख्नुभएको छैन? के तपाईँलाई सांसारिक समस्याहरूको दृश्यले जहन्नमको सजायको



www.dawateislami.net

याद दिलाउँदैन? निश्चय नै सांसारिक समस्याहरूमा अहले नज़रको लागि चिहान, मरण पछिको जीवन र जहन्नमको सजायहरूको याद छ । त्यसैले याद राख्नुहोस ! कसैमाथि निर्भर नभएको हाम्रो पालनहार अल्लाह عَزَّوَجَلَّ जसले संसारमा भक्तलाई बिमारीहरू, चिन्ताहरू र समस्याहरूमा पार्न सक्छ ; उसले जहन्नमको सजाय पनि दिनसक्छ ।[1]

صَلُّوْا عَلَى الْحَبِيْب صَلَّى اللّٰهُ عَلٰى مُحَمَّد

## अल्लाह عَزَّوَجَلَّ रोजी दिने वाला हुनुहुन्छ तर पनि ......

यो कुरामा अली विचार गर्नुहोस् कि अल्लाह عَزَّوَجَلَّ रोजी दिने वाला हुनुहुन्छ र उहाँ عَزَّوَجَلَّ कुनै माध्यम बिना रोजी दिनमा पनि सक्षम हुनुहुन्छ , यो तपाईंहरूको पनि इमान [आस्था] हो र मेरो पनि । हो ! हो ! अल्लाह عَزَّوَجَلَّ ले हरेकको रोजी आफ्नो जिम्मा ए करममा लिनुभएको छ जस्तो कि क़ुरआन शरीफ़को बाह्रौं [12th] पारहको सुरुको आयतमा भनिएको छ :

---

[1] [यो कुरा पनि राख्नुहोस् कि यदि अल्लाह عَزَّوَجَلَّ ले संसारमा कसैलाई बिरामी , चिन्ता वा समस्यामा पार्नुहुन्छ भने त्यसमा भक्तको संसारमा वा मरण पछिको जीवनमा भलाई हुन्छ ।[



www.dawateislami.net

وَمَا مِنۡ دَآبَّةٍ فِی الۡاَرۡضِ اِلَّا عَلَی اللّٰهِ رِزۡقُهَا

कन्ज़ुल ईमानको हिन्दी अनुवाद : और ज़मीन पर चलने वाला कोई (जानदार) ऐसा नहीं जिस का रिज़्क़ अल्लाह (عَزَّوَجَلَّ) के ज़िम्माए करम पर न हो । *(कन्जुल इमान, भाग १२, सुराह हुद, पद ६)*

त्यसोभए, विचार गर्नुपर्ने कुरा हो कि जब अल्लाह عَزَّوَجَلَّ ले रोजीको जिम्मा लिनुभएको छ भने आखिर हामीहरू रिज्कको लागि किन भागदौड गर्छौं? किन एउटा शहरबाट अर्को शहरमा जान्छौं र किन देशबाट विदेश जान्छौं र "पैसा कमाउने बाटोमा" आउने हरेक समस्यालाई हाँसीखुसी सहन्छौं । यस्तो यस कारणले कि तपाईंहरूको सोच बनेको छ कि "यदी मैले प्रयास गरेभने रोजी प्राप्त हुनेछ, काम गर्नुमा ब-र-कत [लाभ] छ ।"

### अल्लाह عَزَّوَجَلَّ ले हरेकको क्षमादानको जिम्मा लिनुभएको छैन तर.

प्यारा प्यारा इस्लामी दाजुभाइहरू ! अल्लाह عَزَّوَجَلَّ ले हरेक जीवित प्राणीको रोजी आफ्नो जिम्मामा लिनुभएको छ तर याद राख्नुहोस् ! सबैको ईमान [सहि धार्मिक आस्था] को सुरक्षाको वा हिसाबकिताब बिना क्षमादानको जिम्मा लिनुभएको छैन तर त्यति हुँदाहुँदै पनि रोजीको चिन्ता परेको हुन्छ । ईमान [सहि

धार्मिक आस्था] को सुरक्षा र हिसाबकिताब बिना क्षमादानको इच्छाको लागि कुनै प्रकारको प्रयास छैन । सायद यस्तो यस कारणले कि आज धेरैजसो मान्छेहरूको हृदय कठोर भइसकेको छ । त्यसैले, संसारको लागि कठिनाइहरू सहन्छौं, संसार कमाउनको लागि दैनिक आठ , दस घण्टा अझ बाह्र घण्टासम्म काम गर्नको लागि तयार हुन्छौं । तर यदि ! ईमानको सुरक्षाको लागि र हिसाबकिताब बिना क्षमादानको इच्छाको लागि महिनामा तीन दिनको म-दनी क़ाफ़िलामा यात्रा गर्नको लागि भन्यौं भने यो भनेर आलटाल गरिदिन्छन् कि "हामीसँग समय छैन ।" معاذ الله जस्तो कि परिस्थितिको मुखबाट भनिरहेको छ :

*नफ़्स र शैतानले मस्त गराएको छ , भाई !*
*हामीहरू न सुध्रिएका छौं , न सुध्रिनेछौं भनेर कसम खाएका छौं*

## अल्लाह عَزَّوَجَلَّ कसैमाथि निर्भर हुनुहुँदैन

निश्चय नै, अल्लाह عَزَّوَجَلَّ कुनै कारण बिना केवल आफ्नो रह़मत [कृपा] बाट जन्नतमा प्रवेस गराउनमा सक्षम हुनुहुन्छ तर हामीहरू उहाँ عَزَّوَجَلَّ कसैमाथि निर्भर नभएको कुरामा डराउन आवश्यक छ किनकि उहाँ عَزَّوَجَلَّ ले हामीलाई कुनै एउटा पापमा गिरफ्तार गरेर जहन्नममा पनि हाल्न सक्नुहुन्छ । "मुस्नदे इमाम अह़मद बिन ह़म्बल" मा अल्लाह عَزَّوَجَلَّ को



www.dawateislami.net

पवित्र भनाईलाई नक्कल गरिएको छ, "यी मानिसहरू स्वरगमा गए पनि मलाई त्यो कुराको कुनै हेरचाह छैन र यी जहन्नमा गए पनि मलाई त्यो कुराको कुनै हेरचाह छैन।"

*(मुस्नदे इमाम अहमद बिन हम्बल, भाग ६, पृष्ठ २०५, रक़म १७६७६)*

त्यसैले, हामीहरूले आफूले आफूलाई जहन्नमबाट बचाउनुपर्छ र जन्नतुल फ़िरदौसमा जानको लागि यो सोच बनाउनुपर्नेछ कि "म सुध्रिन चाहन्छु" र यसको लागि आफूभित्र अल्लाह عَزَّوَجَلَّ को भय र आदरणीय नबी صَلَّى اللهُ عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم को प्रेम जगाउने भरपूर प्रयास गर्नुपर्नेछ। अल्लाह عَزَّوَجَلَّ को प्रदानबाट यदि हामीहरू पापबाट बच्नेछौं र नमाज र सुन्नतहरूको प्रतिबन्ध गर्नेछौ, मदनी क़ाफ़्लामा यात्रा गर्नेछौं, दैनिक राती "फ़िक्रे मदीना" गर्दै "मदनी इन्आमात को पुस्तिका भर्नेछौ र प्रत्येक महिनामा आफ्नोयहाँको निगरानलाई बुझाउनेछौं भने अल्लाह عَزَّوَجَلَّ को कृपाबाट र हाम्रो प्यारा नबी صَلَّى اللهُ عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم को माध्यमबाट जहन्न्मबाट बचेर जन्नतमा प्रवेश गर्नेछौं ; जुन वास्तविक सफलता हो। जस्तो कि पारह ४, सुरह आले इम्रानको आयत संख्या १८५ मा अल्लाह रहमान عَزَّوَجَلَّ ले भन्नुहुन्छ :-

فَمَنۡ زُحۡزِحَ عَنِ النَّارِ وَ اُدۡخِلَ الۡجَنَّۃَ فَقَدۡ فَازَ ؕ



www.dawateislami.net

कन्ज़ुल ईमानको हिन्दी अनुवाद: जो आग से बचा कर जन्नत में दाख़िल किया गया वोह मुराद को पहुंचा।

*(कन्ज़ुल ईमान पारा ४, सूरह आले इ़मरान, आयत १८५)*

## सुध्रिनको लागि तौबा [प्रयाश्चित] गर्नुहोस्

प्यारा प्यारा इस्लामी दाजुभाइहरू ! तर जे भए पनि, उसको कृपाबाट निरास हुनुहुँदैन र साथै ऊ कसैमाथि निर्भर नभएको कुराबाट बेखबर पनि हुनुहुँदैन र आफूलाई सुधार्नको लागि हरेक क्षण प्रयास जारी राख्नुपर्छ । मैले आशा गर्छु कि हामीमध्ये हरेक मुसलमानको इच्छा छ कि ऊ सुध्रिन चाहन्छ । त्यसैले, जो साच्चिकै सुध्रिन चाहन्छ, उसले आफ्नो पछिल्ला पापहरूबाट साँचो तौबा [प्रयाश्चित] गर्नुहोस् । नि:सन्देह, अल्लाह عَزَّوَجَلَّ क्षमा गर्ने वाला हुनुहुन्छ । प्रेरणाको लागि “तौबा [प्रयाश्चित] को उत्कृष्ट” को सन्दर्भमा तीनओटा शुभ ह़दीस तपाईंहरू सामु प्रस्तुत गर्दछु । हाम्रा प्यारा नबी صَلَّى اللّٰهُ عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم को कथन छ :

- “जब भक्तले आफ्नो पापहरूलाई स्वीकार गर्छ र त्यसपछि [ती पापहरूबाट] तौबा गर्छ भने अल्लाह عَزَّوَجَلَّ ले उसको तौबा स्वीकार गर्नुहुन्छ ।” *(सह़ीहुल बुख़ारी, भाग २, पृष्ठ १९९, ह़दीस २६६१)*



www.dawateislami.net

- ह़दीसे क़ुदसीमा छ : अल्लाह عَزَّوَجَلَّ ले भन्नुहुन्छ, "हे मेरा भक्तहरू ! जसलाई मैले सलामती प्रदान गर्छु , त्यो बाहेक तिमीहरू सबै पापी हौ । तसर्थ तिमीहरूमध्ये जसले यो जान्छ कि म क्षमादान गर्नमा अक्षम छु ; त्यसपछि उसले मसँग क्षमा माग्छ भने मैले उसलाई क्षमा गर्नेछु र मलाई केही हेर्चाह छैन ।" *(मिश्कातुल मस़ाबीह़, भाग २, पृष्ठ ४३९, ह़दीस २३५)*

- हाम्रा प्यारा नबी صَلَّى الله عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم को कथन छ : जसले यसरी दुआ [प्राथना] गर्छ :

اَللّٰهُمَّ لَا إِلٰهَ اِلَّا اَنْتَ سُبْحَانَكَ عَمِلْتُ سُوْءًا
اَوْ ظَلَمْتُ نَفْسِيْ فَاغْفِرْلِيْ اِنَّهُ لَا يَغْفِرُ الذُّنُوبَ اِلَّا اَنْتَ

अर्थात् "हे अल्लाह عَزَّوَجَلَّ ! तपाईँ बाहेक कोही पनि पूजनीय छैन, तपाईँ पवित्र हुनुहुन्छ, मैले नराम्रा कर्महरू गरें र आफ्नो नफ्समाथि [अर्थात आफूमाथि] क्रूरता गरें, मलाई क्षमा गरिदिनुहोस् किनकि तपाईँ बाहेक कोही पनि क्षमा गर्ने वाला छैन ।" त अल्लाह عَزَّوَجَلَّ ले भन्नुहुन्छ, "मैले यसको



www.dawateislami.net

पापहरूलाई क्षमा गरिदिन्छु यद्यपि कमिलाहरूको संख्या बराबर होस् ।" *(कन्जुल उ़म्माल, भाग २, पृष्ठ २८७, रक़म ५०४९)*

صَلُّوْا عَلَى الْحَبِيْب صَلَّى اللّٰهُ عَلٰى مُحَمَّد

## रा़म्रा राम्रा इरादाहरू

प्यारा प्यारा इस्लामी दाजुभाइहरू ! अल्लाह عَزَّوَجَلّ ले तपाईँहरू सबैको तौबा [प्रयाश्चित] स्वीकार गरोस्, तपाईँहरू सबैको ईमान [सहि धार्मिक आस्था] सुरक्षित राखोस्, तपाईँहरू सबैलाई पटकपटक ह़ज गर्ने सौभाग्य प्रदान गरोस्, पटकपटक गुम्बदे खजरा देखाओस् र आदरणीय रसूल صَلَّى اللّٰه عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم को निष्कपट प्रेमी बनाओस् र यी सबै आशीर्वादहरू म दुष्ट, पापीहरूको सरदारको हकमा पनि स्वीकार गरोस् । हिम्मत गरेर आजबाट यो निश्चित गर्नुहोस् कि "म सुध्रिन चाहन्छु" त्यसैले अब मेरो कुनै नमाज छुट्नेछैन....... اِنْ شَآءَاللّٰه عَزَّوَجَلّ रमज़ानुल मुबारकको कुनै पनि वर्त छुट्नेछैन...... اِنْ شَآءَاللّٰه عَزَّوَجَلّ, चलचित्र,नाटकहरू हेर्नेछैन ..... اِنْ شَآءَاللّٰه عَزَّوَجَلّ, गितहरू सुन्नेछैन...... اِنْ شَآءَاللّٰه عَزَّوَجَلّ, दाह्री खौरनेछैन..... اِنْ شَآءَاللّٰه عَزَّوَجَلّ, दाह्रीलाई एक मुठ्ठीभन्दा कम गर्नेछैन...... اِنْ شَآءَاللّٰه عَزَّوَجَلّ, सुन्नतहरूको सुधारको लागि हरेक महीना दा'वते इस्लामको मदनी क़ाफिलामा यात्रा गर्नेछु..... اِنْ شَآءَاللّٰه عَزَّوَجَلّ, दैनिक फ़िक्रे



www.dawateislami.net

मदीनाको मध्यमबाट मदनी इन्‌आमातको पुस्तिका भर्नेछु र प्रत्येक मदनी महिनाको पहिलो १० गतेभित्र आफ्नोयहाँको जिम्मेदारलाई बुझाउने गर्नेछु..... اِنْ شَآءَاللّٰہ عَزَّوَجَلَّ

*इलाही रह़म फ़रमा मैं सुधरना चाहता हूं अब*
*नबी का तुझ को सदक़ा मैं सुधरना चाहता हूं अब*

صَلُّوْا عَلَی الْحَبِیْب          صَلَّی اللّٰہُ عَلٰی مُحَمَّد

प्यारा प्यारा इस्लामी दाजुभाइहरू ! बयानलाई अन्त्यतिर लिएर आउँदै सुन्नतको उत्कृष्टताको र केही सुन्नतहरू वर्णन गर्ने सौभाग्य प्राप्त गर्दछु । सबै नबीहरू عَلَیۡهِمُ السَّلَام का सरदार, बेसहारहरूका सहारा , आदरणीय आमिना رَضِیَ اللّٰہ عَنۡهُمَا का आँखाका तारा, हाम्रा प्यारा नबी صَلَّی اللّٰہ عَلَیۡهِ وَاٰلِهٖ وَسَلَّم को कथन छ, "जसले मेरो सुन्नतलाई माया गर्‍यो ; उसले मलाई माया गर्‍यो र जसले मलाई माया गर्‍यो ; ऊ जन्नतमा [अर्थात स्वर्गमा] मसँग हुनेछ ।" (*मिश्कातुल मस़ाबीह़, भाग १, पृष्ठ ५५, ह़दीस १७५*)

*छाती तपाईँको सुन्नतहरूको मदीना बनोस् आक़ा*
*स्वर्गमा छिमेकी मलाई तपाईँले आफ्नो बनाउनुहोस्*

صَلُّوْا عَلَی الْحَبِیْب          صَلَّی اللّٰہُ عَلٰی مُحَمَّد



www.dawateislami.net

## सुर्मा लगाउने सन्दर्भमा ४ ओटा मदनी फूलहरू

- सुनने इब्ने माजाको विवरण छ, "सबै सुर्माहरूमध्ये राम्रो सुर्मा "इस्मिद" हो किनकि यसले आँखाको ज्योति बढाउँछ र आँखीभौंहरू [पलकहरू] उघाँउछ ।" *(सुनने इब्ने माजा, भाग ४, पृष्ठ ११५, ह़दीस ३४९७)*

- ढुङ्गाको सुर्मा प्रयोग गर्दा कुनै समस्या छैन र पुरुषलाई सुन्दरताको उद्देश्यले कालो सुर्मा वा गाजल लगाउन मक्रूह छ र सुन्दरताको उद्देश्यले होइन भने कुनै हानी छैन । *(फतवा आ़लमगीरी, भाग ५,पृष्ठ ३५९)*

- सुत्ने बेलामा सुर्मा लगाउनु सुन्नत हो । *(मिरआतुल मनाजीह़, भाग ६, पृष्ठ १८०)*

- सुर्मा लगाउने तीनओटा तरिकाहरू प्रस्तुत गर्दछु:

1. कहिले दुवै आँखाहरूमा तीन तीन पटक
2. कहिले दाहिने आँखामा तीन पटक र बायाँ आँखामा दुइ पटक
3. र कहिले दुवै आँखामा दुई दुई पटक र आखिरमा एक सिलाईमा सुर्मा लिएर त्यसलाई पालैपालो दुइटै आँखाहरूमा लगाउनुहोस् । *(शुअ़बुल ईमान, भाग ५, पृष्ठ २१८-२१९)*



www.dawateislami.net

اِنْ شَآءَاللّٰه عَزَّوَجَلَّ, यसरी गर्दा तीनओटै तरिकाहरूमा अभ्यास हुनेछ । प्यारा प्यारा इस्लामी दाजुभाइहरू ! जुन पनि प्रतिष्ठा वाला काम हुन्थ्यो ; त्यसलाई हाम्रा प्यारा नबी, रसूलहरुका सरदार, दुवै लोकका मालिक صَلَّى اللهُ عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم ले दाहिनेतिरबाट सुरु गर्नुहुन्थ्यो । त्यसैले, पहिला दाहिने आँखामा लगाउनुहोस् र त्यसपछि बाँया आँखामा ।

सुर्माको सुन्नतहरूको बारेमा विस्तृत रूपमा जानकारी प्राप्त गर्नको लागि र अन्य सयौं सुन्नतहरू सिक्नको लागि मक्तबतुल मदीनाको १२० पृष्ठहरूमा आधरित किताब “सुन्नातें और आदाब” अर्थात “सुन्नतहरू र शिष्टाचाहरू” प्राप्त गर्नुहोस् र पढ्नुहोस् । सुन्नतहरूको सुधारको लागि एउटा उत्कृष्ट माध्यम प्यारा नबी صَلَّى اللهُ عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم का प्रेमीहरूसँग दा’वते इस्लामीको मदानी क़ाफिलाहरूमा यात्रा गर्नु पनि हो ।

*सिक्न सुन्नतहरू, क़ाफिलामा हिड !*
*लुट्न रह्मतहरू, क़ाफिलामा हिड !*

*हुनेछ सबै समस्याहरूको समाधान, क़ाफिलामा हिड !*
*पाउनेछौं लाभहरू, क़ाफिलामा हिड !*

صَلُّوْا عَلَى الْحَبِيْب صَلَّى اللهُ عَلٰى مُحَمَّد



www.dawateislami.net


اَلْحَمْدُ لِلّٰهِ رَبِّ الْعٰلَمِيْنَ وَالصَّلٰوةُ وَالسَّلَامُ عَلٰى سَيِّدِ الْمُرْسَلِيْنَ اَمَّا بَعْدُ فَاَعُوْذُ بِاللّٰهِ مِنَ الشَّيْطٰنِ الرَّجِيْمِ بِسْمِ اللّٰهِ الرَّحْمٰنِ الرَّحِيْمِ

# सुन्नतको बहार (खुशी)हरु

اَلْحَمْدُ لِلّٰه عَزَّوَجَلَّ कुरआन र सुन्नतको सिद्धान्त सारा संसारमा फैलाउने, अराजनैतिक समूह दावते इस्लामीका आनन्दमयी मदनी वातावरणमा सुन्नतहरु सिक्ने र सिकाउने गरिन्छ । हरेक बिहिवार मग्रिबको नमाजपछि तपाईको शहरमा दावते इस्लामीको हरेक हफ्ता हुने सुन्नतले भरिपूर्ण इज्तिमामा अल्लाह عَزَّوَجَلَّ को रिजाको लागि राम्रो राम्रो नियत (भित्री विचार) को साथ पुरै रात बिताउने मदनी आग्रह छ । आशिकाने रसूल (रसूलका आशिकहरु) संग मदनी काफिलामा सवाब (पुण्य) को नियतले सुन्नत सिक्नका निम्ति यात्रा र दैनिक फिक्रे मदीना (ध्यान) द्वारा मदनी इन्आमातको कार्ड भरि हरेक मदनी महिनाको शुरुको १० दिन भित्र आफ्नो क्षेत्रको जिम्मेवार इस्लामीभाई लाई बुझाउने बानी बसाल्नुहोस् । اِنْ شَآءَ اللّٰه عَزَّوَجَلَّ यसको बरकत (लाभ) ले सुन्नतको पालना गर्न, पापहरु संग घृणा गर्न र आफ्नो ईमान (धार्मिक विश्वास) को संरक्षण गर्नका लागि होशियार हुने विचार बन्नेछ ।

हरेक इस्लामी दाजु भाईहरुले यो सोच बनाउनु होस के "मलाई आफ्नो र सम्पूर्ण संसार बासीको सुधारको प्रयास गर्नुछ ।" اِنْ شَآءَ اللّٰه عَزَّوَجَلَّ आफ्नो सुधारको प्रयासको लागि मदनी इन्आमातको पालना र सारा संसारका मानिसहरुको सुधारको प्रयासको लागि मदनी काफ्ला मा यात्रा गर्नुछ। اِنْ شَآءَ اللّٰه عَزَّوَجَلَّ.









**Aalami Madani Markaz, Faizan-e-Madinah, Mahallah Saudagaran**
**Purani Sabzi Mandi, Bab-ul-Madinah, Karachi, Pakistan.**
**UAN: +92 21 111 25 26 92 | Ext: 7213**
**Web: www.dawateislami.net | E-mail: translation@dawateislami.net**